पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरु
बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय बिहान ९:३० बजे



सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ६४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ चैत ५ गते मंगलबार ❑ 18 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## तीन महिने व्यवसायीक चार्टर्ड उडान मंगलबारबाट सुरु हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ४ चैत

पोखरामा मंगलबारदेखि तीन महिने व्यवसायीक चार्टर्ड उडानको सुरु हुने भएको छ।

पोखराबाट सिधा अन्तर्राष्ट्रिय हवाई उडान संचालन गर्ने बिषयमा सरकारले खासै चासो नदेखाए पछि नीजि क्षेत्रबाट उक्त ३ महिने परिक्षणको शुभारम्भ मंगलबारदेखि हुने भएको हो।

मित्र राष्ट्र चिनको सिचुवान एअरलाइन्सको विमानबाट पोखरा आउने चिनियाँ पर्यटकलाई मंगलबार पोखरामा स्वागत तथा पोखराबाट सिचुवान प्रन्तको छेन्दु शहरमा प्रस्थान गर्ने पोखराका पर्यटन व्यवसायीलाई बिदाई गरिने पोखराको पर्यटन व्यसायीहरुको छाता संस्था पोखरा पर्यटन परिषदले जनाएको छ। पोखरा अन्तराष्ट्रिय विमानस्थल सञ्चालनमा आएको २ बर्ष २ महिना भन्दा बढी समय हुँदा नियमित रुपमा अन्तराष्ट्रिय उडान नहुदा चिनको सिचुवान एअरलाइन्सले कम्तिमा पनि १० वटा व्यवसायीक चार्टर्ड फ्लाईट गर्ने क्रममा मंगलबार पहिलो फ्लाइट गर्ने भएपछि पोखरा पर्यटन परिषदले आगन्तुक पाहुनालाई पोखरामा स्वागत तथा पोखराबाट चिन प्रस्थान गर्ने पोखरेलीहरुलाई बिदाई गर्ने कार्यक्रम तय गरिएको परिषदका अध्यक्ष तारानाथ पहारीले बताए । नेपाल-चीन कूटनीतिक सम्बन्ध स्थापनाको ७० औं बर्ष गाँठको अवसरमा चीनको छेन्दुबाट पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा व्यावसायिक चार्टर उडान हुने भएपछि पोखराका पर्यटन व्यवसायीहरु निकै उत्साहित भएको उनले प्रतिकृया दिए। थ्री यू थ्री सेभेन थ्रि सिक्स नम्बरको सिचुवान एअरलाइन्सको विमानबाट चिन देखि १ सय २७ जना र पोखरा देखि १ सय २३ जना चिनको छेन्दु प्रस्थान गर्ने भएको परिषदले जनाएको छ । पोखराका मेयर धनराज आचार्य सहितको टोली चिनको छुन्दु प्रस्थान गर्ने भएको हो । टोलीमा पर्यटन तथा केही पत्रकार समेत सहभागि भएका छन्। गण्डकी प्रदेशको मेरुदण्डको रुपमा रहेको पोखरा अन्तराष्ट्रिय विमानस्थल सञ्चालनमा आएता पनि नियमित अन्तर्राष्ट्रिय हवाई उडान हुन नसकेकोले पोखरा अन्तराष्ट्रिय विमानस्थल नियमित सुचारु गर्न, पोखराको पर्यटनलाई थप चलायमान गराउने हेतुले पोखराका पर्यटन व्यवसायीहरुले मित्र राष्ट्र चिनको सिचुवान एयरमा पोखरा वाट छेन्दु सहरमा सिधा हवाई उडान गर्ने महाअभियान कार्यक्रम सञ्चालन गरेको परिषदको दाबी छ। छेन्दुबाट पोखरा हुने व्यावसायिक चार्टर उडानमा नेपाली प्रतिनिधिमण्डल 'पोखरा-छेन्दु फ्लाइट प्रमोसन एण्ड चाइना (सिचुआन) सेल्स मिसन २०२५'का लागि जाने भएको कार्यक्रम संयोजक एवं परिषदका महासचिव जीवनराज सापकोटाले बताए। नेपाली प्रतिनिधिमण्डलको टोलीले छेन्दु, लुभ्fोउ, इमी, लेसान, छोङछिङ लगायत चिनियाँ सहरमा हुने विभिन्न सरकारी तथा निजी क्षेत्रका प्रतिनिधिमण्डलसँग व्यावसायिक बैठकमा सहभागी हुने भएको उनले जनाए। करिब ९ करोड जनसङ्ख्या रहेको छुन्दु शहर र पोखराको पर्यटन प्रबर्द्धनमा उक्त अभियानले धेरै मद्धत पुग्ने संयोजक सापकोटाले विश्वास व्यक्त गरे।

मंगलबारदेखि संचालन हुने उडानले पोखरा र समग्र गण्डकी प्रदेशकै पर्यटन चलाएमान हुने पोखराका मेयर धनराज आचार्यले विश्वास व्यक्त गरे। अन्तर्राष्ट्रिय हवाई उडान सुचारु गर्नको लागि पटक पटक राज्यका विभिन्न निकायहरु सहित प्रधानमन्त्री समेत लाई ध्यानाकर्षण गरि रहदा पनि उडान सुचारु हुन नसके पछि निजी क्षेत्रका पर्यटन व्यवसायीहरुले सानो प्रयासले सिचुवानको विमान मार्फत पोखरामा ३ महिने चार्टर्ड फ्लाइट गर्न लागिएको पोखरा भ्रमण वर्ष २०२५ कार्यसम्पादन समितिका संयोजक गोपि वहादुर भट्टराईले बताए। उक्त अभियानलाई सफल पार्न सबैको साथ आवश्यक भएको उनले जनाए।

## गण्डकीका मुख्यमन्त्री र युएनडिपीका निर्देशकविच भेटवार्ता

**पोखरापत्र संवाददाता**
पोखरा, ४ चैत



गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे र युएनडिपीका एसिया तथा प्रशान्त क्षेत्रका उपक्षेत्रीय निर्देशक क्रिस्टोफ बहुयेट वीच भेटवार्ता भएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोमवार भएको भेटमा मुख्यमन्त्री पाण्डेले शसक्तिकरणको क्षेत्रमा प्रदेश र स्थानीय तहलाई युएनडिपीले गर्दै आएको सहयोग प्रभावकारी रहेको बताए। युएनडिपीले दिगो बिकास, फोहोरमैला व्यवस्थापन, नवप्रवर्तन, उद्यमशीलताको क्षेत्रमा गण्डकी प्रदेश भित्र गर्दै आएको सहयोगको प्रशंसा गर्दै मुख्यमन्त्री पाण्डले भने 'पूर्वाधार, स्वास्थ्य, शिक्षा, पर्यटन, कृषि, जलवायू परिर्वतनको लगायत प्रदेशको प्राथमिकताका क्षेत्रमा युएनडिपीसँग सहकार्य गर्न हामी तयार छौँ।' यि क्षेत्रमा सहकार्य गर्दा प्रदेश सरकारले लिएको नीति अनुसार युवा पलायन रोक्न, रोजगारी सिर्जना गर्न, बाँझो जमिनमा खेती बिस्तार गर्न र उद्यमशीलता प्रर्वद्धनमा सहयोग पुग्ने मुख्यमन्त्री पाण्डेले बताए।

गण्डकी प्रदेश सरकारले दोस्रो पञ्चवर्षिय योजनामा आफ्ना प्राथमिकताको क्षेत्र पहिचान गरेकाले सो क्षेत्रमा सहकार्य हुँदा प्रदेशवासीले ठुलो उपलब्धी हाँसिल गर्न सक्ने बताए। भेटका क्रममा युएनडिपीका उपक्षेत्रीय निर्देशक क्रिस्टोफ बहुयेटले गण्डकी प्रदेश सरकारसँगको भेट नेपालको पहिलो औपचारीक कार्यक्रम भएको बताउँदै भने 'गण्डकी प्रदेश सरकारसँग भेटघाट र सहकार्य गर्न पाउँदा निकै खुसी लागेको छ।' पिएलजिएसपी कार्यक्रम अन्तर्गत कार्यन्वयन भएका कार्यक्रमहरुको प्रभावकारीताका बारेमा पनि उनले चासो राखेका थिए। युएनडिपीको सहयोगमा गण्डकी प्रदेशमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (पिएलजीएसपी) संचालनमा छ। यो कार्यक्रमले स्थानीय तह र प्रदेशको क्षमता बिकास, शसक्तिकरणको क्षेत्रमा सहयोग पुगेको मुख्यमन्त्री पाण्डेले बताए। 'संघीयता कार्यन्वयनपछि प्रदेश संरचना हाम्रो लागि नयाँ हो, कानुन निर्माण, आवधिक योजना, क्षमता विकास, लैङ्गिक सामाजिक समावेशिकरण, राजस्व सुधारका क्षेत्रमा यो परियोजनाको ठूलो सहयोग छ' मुख्यमन्त्री पाण्डेले भने 'सबैजसो स्थानीय तहमा यो परियोजना माग भएकाले कार्यक्षेत्र बिस्तार गर्न सक्दा अझै प्रभावकारी हुन्छ।' नेपालको पर्यटकीय राजधानी पोखरा र आसपासका जिल्लालाई इको टुरिजम, खेल टुरिजम, धार्मिक टुरिजमको रुपमा बिकास गर्ने सरकारको योजनामा सहकार्य गर्न सकिने उनले बताए। भेटमा युएनडिपीको सहकार्यमा संचालन भईरहेको पिएलजिएसपी कार्यक्रमलाई थप प्रभावकारी बनाउने, नयाँ सहकार्यको क्षेत्र पहिचान गर्ने विषयमा छलफल भएको थियो। गण्डकी प्रदेश नीति योजना आयोगका उपाध्यक्ष डा.कृष्णचन्द्र देवकोटाले दोस्रो पञ्चवर्षिय योजनामा सरकारले लिएको रणनीतिका बारेमा जानकारी गराएका थिए। भेटघाटमा गण्डकी प्रदेश प्रमुख सचिव रघुराम विष्ट, युएनडिपीका नेपाल स्थित आवासिय प्रतिनिधि क्योको योकोसुका लगायत प्रतिनिधि मण्डल र मुख्यमन्त्री कार्यालयका प्रतिनिधिहरुको सहभागिता रहेको थियो।

## जनप्रिय बहुमुखी क्याम्पसमा स्ववियु निर्वाचन स्थगन

**पोखरापत्र संवाददाता**
पोखरा, ४ चैत

गण्डकी प्रदेशको सर्वोकृष्ट सामुदायिक क्याम्पसका रूपमा परिचित जनप्रिय बहुमुखी क्याम्पसमा असहज परिस्थितिका कारण स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन स्थगन भएको छ।

क्याम्पस प्रमुख कृष्णबाबु बरालद्वारा चैत्र ४ गते हस्ताक्षरित अपिलमा त्रिभुवन विश्वविद्यालयको सूचना अनुसार चैत ५ गतेका लागि निर्धारित स्ववियु निर्वाचन हाललाई स्थगन गरिएको जानकारी दिइएको छ। निर्वाचन प्रक्रियालाई प्रभावित पार्ने गरी केही विद्यार्थी संगठनहरूले क्याम्पसमा तालाबन्दी गरेपछि निर्वाचन सञ्चालन गर्न कठिनाइ उत्पन्न भएको थियो। निर्वाचन प्रक्रियालाई निर्धारित समयमा अघि बढाउन वार्ता तथा संवादका विभिन्न पहल गरिए पनि अपेक्षित सहमति हुन नसक्दा निर्वाचन स्थगन गर्नुपरेको क्याम्पस प्रशासनले जनाएको छ। क्याम्पस प्रमुख कृष्णबाबु बरालले जारी गरेको अपिलमा निर्वाचन प्रक्रिया सहज बनाउन विद्यार्थी संगठन, समुह तथा सरोकारवालाहरूसँग खुला संवादका लागि आग्रह गरिएको छ।

क्याम्पस प्रशासनले सबै पक्षसँग छलफल गरेर लोकतान्त्रिक अभ्यासको सम्मान गर्दै यथाशीघ्र निर्वाचन सम्पन्न गर्न पहल गर्ने प्रतिवद्धता व्यक्त गरेको छ। यसैक्रममा, क्याम्पस प्रशासनले विद्यार्थी संगठनहरूलाई अवरुद्ध गतिविधिहरू रोक्न र निर्वाचन प्रक्रियालाई सहज बनाउन आवश्यक सहयोग गर्न आग्रह गरेको छ। वार्ता तथा सम्वादबाट समस्याको समाधान खोज्दै विद्यार्थीको हकहित सुरक्षित गर्ने वातावरण निर्माण गर्न सबैलाई सहकार्य गर्न अनुरोध गरिएको छ। क्याम्पस प्रशासनले अपिल गर्दै भनेको छ, 'निर्वाचन एक लोकतान्त्रिक प्रक्रिया हो। विद्यार्थीहरूको अधिकारलाई सुरक्षित गर्न निष्पक्ष वातावरण आवश्यक छ। तसर्थ, अवरुद्ध अवस्था हटाइ निर्वाचन प्रक्रियालाई सहज बनाउन विद्यार्थी संगठनहरू तथा सम्बन्धित सबै पक्षहरूको सक्रिय सहकार्य जरुरी छ।' त्रिवि स्वतन्त्र विद्यार्थी युनियन निर्वाचन सम्बन्धी निर्देशिका तथा थप निर्देशन २०८१ साथै जनप्रिय बहुमुखी क्याम्पसको स्ववियु निर्वाचन नियमावली २०७३ अनुसार निर्वाचन प्रक्रिया अगाडि बढाउने क्रममा फागुन २६ गते निर्वाचन समितिको कार्यालय र २८ गते क्याम्पस प्रमुख एवम् प्रशासन प्रमुखको कार्यालयमा तालाबन्दी गरेपछि परिस्थिति सहज नभएको कारण देखाउँदै निर्वाचन समितिले राजिनामा दिएको थियो। जनप्रिय बहुमुखी क्याम्पस प्रशासनले आगामी दिनमा सहमति जुटाई १५ दिनभित्र पुनः निर्वाचन प्रक्रिया अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ। २ हजार ४ सय ३३ विद्यार्थी मतदाता रहेको क्याम्पसमा वि.सं. २०७३ सालमा स्ववियु निर्वाचन सम्पन्न भएको थियो।

## एसइई परीक्षाको सम्पूर्ण तयारी पूरा

**रासस**
भक्तपुर, ४ चैत

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले यसवर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) को सम्पूर्ण तयारी पूरा गरेको छ।

परीक्षा नियन्त्रण कार्यालय, कक्षा-१० का परीक्षा नियन्त्रक नन्दलाल पौडेलले यही चैत ७ गतेदेखि देशभर एकैसाथ सुरु हुने एसइई परीक्षाको सबै तयारी पूरा भएको जानकारी दिनुभयो। बोर्डले परीक्षाका लागि प्रश्नपत्र, सिम्बोल नम्बर, उत्तरपुस्तिका र अन्य सामग्री प्रत्येक जिल्लामा पुगिसकेको जनाएको छ।

परीक्षा नियन्त्रक पौडेलले भन्नुभयो, "गतवर्ष २०८० को एसइई परीक्षामा चार लाख ६४ हजार सात सय ८५ परीक्षार्थी सहभागी थिए। यसवर्षको परीक्षामा विद्यार्थीहरुको सङ्ख्या ४९ हजार दुई सय ८६ जना बढेर पाँच लाख १४ हजार ७१ जना छन्।"

कार्यालयले यसवर्षको एसइई परीक्षाका लागि देशभर दुई हजार ७९ परीक्षा केन्द्र निर्धारण गरेको छ। परीक्षामा एक सय ५० जनासम्म परीक्षार्थी भएको केन्द्रमा एक जना सहायक केन्द्राध्यक्ष हुने छन् भने २० जना विद्यार्थी बराबर एक जना निरीक्षक खटिने भएका छन्। परीक्षामा ७५ जनाभन्दा कम परीक्षार्थी भएको केन्द्रमा सहायक केन्द्राध्यक्ष नराखिने जनाइएको छ। यस पटकको एसइईमा बाल सुधार केन्द्र र कारागार गरी तीनवटा विद्यालय बाहिरका केन्द्र निर्धारण गरेको छ। परीक्षा नियन्त्रक पौडेलले काठमाडौँ र दैलेखका दुई कारागार तथा भक्तपुरको बाल सुधार गृहबाट विद्यार्थीलाई परीक्षा दिने व्यवस्था गरिएको जानकारी दिनुभयो। यस वर्षको एसइईमा कीर्तिपुरस्थित सफलता एचआईभी शिक्षा सदनबाट पनि विद्यार्थी सहभागी हुने भएका छन् भने यहाँबाट चार जना एचआइभी सङ्क्रमित विद्यार्थीले एसइई परीक्षा दिने भएका छन्। यस वर्षको एसइई चैत ७ गतेदेखि सुरु भएर १९ गते सम्पन्न हुने भएको छ। परीक्षा बिहान ८ बजेदेखि बिहान ११ बजेसम्म सञ्चालन हुनेछ। परीक्षा तालिकानुसार पहिलो दिन चैत ७ गते अनिवार्य अंग्रेजी विषय, सोही दिन संस्कृत वेदविद्याश्रमतर्फ अनिवार्य संस्कृत र मदरसातर्फ अनिवार्य अरबी भाषाको परीक्षा हुनेछ। चैत ८ गते अनिवार्य नेपाली विषय, गैरनेपाली विद्यार्थीहरूका लागि अंग्रेजी (इलेक्टिभ इङलिस) को परीक्षा हुनेछ। चैत १० गते अनिवार्य गणित र चैत १२ गते अनिवार्य विज्ञान तथा प्रविधि एवं संस्कृततर्फ शुक्लयजुर्वेद) सामवेद,अथर्ववेद,नीतिशास्त्रलगायत विषयको परीक्षा हुनेछ। १३ गते अनिवार्य सामाजिक, १४ गते ऐच्छिक प्रथम, १५ गते ऐच्छिक द्धितियको परीक्षा सञ्चालन हुनेछ।

लेटर ग्रेडिङ प्रणालीमै यसवर्ष पनि परीक्षाको नतिजा सार्वजनिक गर्न तयारी गरिएको छभने चैत १९ सम्म सञ्चालन परीक्षाको नतिजामा उत्तीर्ण दरमा ७० प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ। २०८० सालको एसइईमा ४८ प्रतिशत मात्रै विद्यार्थी पास भएका थिए।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# राजसंस्था स्थापनाका लागि आन्दोलन समिति

राजावादीहरुको वृहत् भेलाले राजसंस्था पुनःस्थापनाका लागि नवीन समझदारीको प्रस्तावसहित प्रतिवद्धतापत्र सार्वजनिक गरेको छ। नेपालका प्रमुख राजनीतिक दलहरु संघीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध छन।राजनीतिक अस्थिरताले गर्दा सेवा प्रवाह र सुशासनको प्रत्याभूति नहुँदा जनतामा गुनासा छन । जनताको विकासको चाहना अनुसार सरकार संचालन नहुँदा राज्य व्यवस्थाप्रति असन्तुष्टि छन । तिनलाई गणतन्त्रको विरुद्ध प्रचार गर्ने भर्याङ बनाएका छन । राजसंस्थासहितको प्रजातन्त्रको जगमा सकारात्मक राजनीतिक एवं संवैधानिक परिवर्तनको निम्ति उपयुक्त समय आएको निस्कर्षसहित प्रतिवद्धतापत्र अघि सारिएको छाराजाको निरंकुशताको हिमायतीहरु लोकतान्त्रिक गणतन्त्रको विरुद्ध खडा भएका छन ।

भेलाले राजसंस्थावादी अभियानका चार एजेन्डा तय गरेको छ, जसमा संवैधानिक राजसंस्थाको पुनःस्थापना, दोस्रोमा सनातन हिन्दू अधिराज्यको पुनःस्थापना, संघीयता खारेजी र भ्रष्टाचार नियन्त्रण र सुशासन रहेका छन् । भेलापछि जारी गरिएको प्रतिवद्धता पत्रमा जनताको सर्वोच्चतामा आधारित राजसंस्था आफूहरूले चाहेको उल्लेख छ । राजावादी शक्तिहरूको संयोजन पञ्चायतकालीन नेता नवराज सुवेदीले गर्ने छन् । निर्मल निवासकै निर्देशनमा उनले यो भूमिका लिएको भन्नेमा दुइमत हुन सक्दैन ।

'विभिन्न पार्टी तथा समुहहरूबाट भइरहेका राजसंस्थावादी आन्दोलनहरूलाई संयुक्त र सशक्त रूपमा अघि बढाउँदै निर्णायक तहमा पुऱ्याउनका लागि विभिन्न पक्षबाट मलाई संयोजन गरिदिन गरिएको आग्रहस्वरूप आफूले भेला आयोजना गरेको' सुवेदीको भनाइ छ । भेलामा उनले 'राजसंस्था पुनःस्थापनाका लागि संयुक्त जनआन्दोलनको प्रतिवद्धता' पेश गरेका थिए । प्रतिवद्धतापत्रमा राजसंस्था सहितको प्रजातन्त्रको जगमा सकारात्मक राजनीतिक एवम् संवैधानिक परिवर्तनको निमित्त उपयुक्त समय आएको निष्कर्ष निकालिएको छ । परिवर्तनको निमित्त आन्तरिक र बाह्य स्थिति अनुकूल रहेको दावी सुबेदीले गरेका छन् ।

'नेपालको परिप्रेक्षमा राजनीतिक दलहरूलाई न्यूनीकरण गरेर वा राजसंस्थालाई निषेध गरेर देशको हित नहुने रहेछ भन्ने प्रष्ट भइसकेको छ' प्रतिवद्धतापत्रमा भनिएको छ, '२०४७ सालको संविधानलाई आधार मानेर, २०७२ सालको संविधानका सकारात्मक प्रावधानहरूलाई समेट्दै प्रमुख राजनीतिक पक्षहरूबीच सर्वपक्षीय सम्मेलन मार्फत देश शान्तिपूर्णरूपमा 'नवीन समझदारी' मा जाओस् भन्ने सम्पूर्ण राष्ट्रवादी-राजसंस्थावादीहरूको चाहना छ ।' ' देशको शान्ति, स्थिरता, सामाजिक सौहार्दता, धर्म-संस्कृति, परम्परा, सार्वभौमसत्ता, भौगोलिक अखण्डताको प्रतिकका रूपमा राजसंस्था अनि नियमित राज्य सञ्चालनका लागि राजनीति दलहरू दुवै अटाउन सकुन्,' प्रतिवद्धतापत्रमा भनिएको छ । शान्तिपूर्ण संक्रमणमार्फत नवीन समझदारीको प्रस्तावलाई दलहरूले तत्काल सम्वोधन नगरेको खण्डमा संयुक्त जनआन्दोलनमा जान वाध्य चेतावनी दिइएको छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शुभ यात्रा | धनु | : आर्थिक समस्या |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : मानसिक तनाब |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# भूकम्पले क्षति पुऱ्याएको वडा कार्यालय भवन पुनर्निर्माण

**पोखरापत्र संवाददाता**
गोरखा, ४ चैत

भीमसेन थापा गाउँपालिका-६ अश्राङको वडा कार्यालय भवन पुनर्निर्माण भएको छ। विसं २०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्पले पूर्ण रूपमा क्षति पुऱ्याएको वडा कार्यालय भवन पुनर्निर्माण भएको वडाध्यक्ष रन्जन रिमालले जानकारी दिनुभयो ।

गाउँपालिकाद्वारा विनियोजित रु ८८ लाख ६२ हजारको लागतमा भवन पुनर्निर्माण गरिएको उहाँले बताउनुभयो । "नवनिर्मित भवनमा छवटा कोठा र दुईवटा शौचालय रहेको छ", उहाँले भन्नुभयो, "अबदेखि नागरिकलाई सेवा प्रवाहमा थप सहज हुने भएको छ ।" आफ्नै भवन नहुँदा यसअघि स्थानीय महिला समूहको भवनबाट वडाले सेवा दिँदै आएको थियो । वडाको भवन निर्माणका लागि विसं २०७९ जेठमा गाउँपालिकाले शिव इन्जिनियरिङ प्रालिसँग ठेक्का सम्झौता गरेको थियो । "दोस्रोपटक म्याद थप गरेर विसं २०८१ असोजभित्र काम गर्नुपर्ने थियो, बल्ल भवन निर्माण भयो, नवनिर्मित भवनबाट सेवाप्रवाह पनि सुरु गरिएको छ", उहाँले भन्नुभयो । महिला समूहको भवनमा बर्खाका बेला पानी चुहिने समस्याले कागजपत्र जोगाउन वडालाई समस्या हुँदै आएको थियो ।

"साँघुरो भवनको एउटै कोठाबाट कृषि, पशु, तथा प्राविधिक एवं पञ्जीकरणलगायत सेवा दिन निकै कठिन हुँदै आएको थियो", वडाध्यक्ष रिमालले भन्नुभयो, "अबदेखि ती सबै समस्याबाट मुक्त भएका छौँ ।" भवन निर्माण भए पनि वडालाई सभाहलको अझै अभाव छ ।

उहाँले भन्नुभयो, "सभाहल निर्माणका लागि पनि आवश्यक पहल गरिसकेका छौँ, जिल्ला समन्वय समितिमार्फत सिफारिस भइसकेको छभने भवनको माथिल्लो तलामा दुई कोठासहित एक सभाहल बनाउने लगभग निश्चित भइसकेको छ ।"

# फूल बिक्री गरेरै मासिक दुई लाख आम्दानी



**पोखरापत्र संवाददाता**
तनहुँ, ४ चैत

यहाँको आँबुखैरेनी गाउँपालिका-३ की २५ वर्षीया सरिश्मा गुरुङले विसं २०७७ मा रु तीन हजार पाँच सय लगानी गरेर फूलको व्यापार सुरु गर्नुभयो ।

फूलको व्यापार विस्तार गर्दै गुरुङले उहाँले सभा-सेमिनार, पास्नी, विवाहलगायतका उत्सवको सजावट गर्दै आइरहनुभएको छ । हाल उहाँले मासिक रु दुई लाख आम्दानी लिने गरेको गुरुङले बताउनुभयो ।

गुरुङका अनुसार राम्रो कार्यक्रम भएमा सिजनमा महिनामै रु २० लाखसम्मको कारोबार हुन्छ । अन्य समयमा मासिक रु आठ-नौ लाखसम्म कारोबार हुने गरेको छ । खर्च कटाएर मासिक करिब रु दुई लाख बचत हुने उहाँले बताउनुभयो । "पोखरा र काठमाडौंमा काम भइरहेको छ । ग्राहकलाई थप सहजता दिन काठमाडौंमा नयाँ शाखा खोल्ने तयारी गरेका छौँ", गुरुङले भन्नु भयो । अब फूल व्यवसायलाई अझ व्यवस्थित बनाउन नर्सरी स्थापना गर्ने तयारी गरेको उहाँले जानकारी दिनुभयो । "व्यवसाय विस्तारका लागि जग्गा खोजी भइरहेको छ, फूल तथा बिरुवा उत्पादन र बिक्री अझ प्रभावकारी बनाउनेछौँ", उहाँले भन्नुभयो ।

# मनाङबाट ४६ विद्यार्थीले एसइई दिने

**पोखरापत्र संवाददाता**
मनाङ, ४ चैत

मनाङमा ४६ विद्यार्थीले माध्यमिक शिक्षा परीक्षा (एसइई) दिने भएका छन् । यही चैत ७ गतेदेखि हुने परीक्षाका लागि जिल्ला सदरमुकाम चामेमा रहेको लोकप्रिय माविलाई परीक्षा केन्द्र तोकिएको छ ।

जिल्लाका चार स्थानीय तह भए पनि नार्पाभूमि गाउँपालिकाबाट कुनै पनि परीक्षार्थी नरहेकाले तीनवटा पालिकाको बीचमा पर्ने लोकप्रिय माविलाई परीक्षा केन्द्र तोकिएको शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख ध्रुवप्रसाद कोइरालाले जानकारी दिनुभयो । परीक्षामा नियमिततर्फ ४१ र ग्रेड वृद्धितर्फ पाँच परीक्षार्थी सहभागी हुने उहाँले बताउनुभयो।नार्सौं गाउँपालिकामा रहेको प्रकाशज्योति माविबाट २१, मनाङ ङिस्याङ गाउँपालिकामा रहेको अन्नपूर्ण माविबाट ४, चामे गाउँपालिकामा रहेको लोकप्रिय माविबाट १४ र लोकप्रियबाटै खुलातर्फ दुई जनाले एसइई दिने छन् । उहाँले प्रकाशज्योति माविबाट दुई र लोकप्रिय माविबाट तीन जनाले ग्रेडवृद्धि परीक्षा दिने बताउनुभयो । यस वर्ष पनि एसइई दिने विद्यार्थी नभएको विद्यालयका प्रधानाध्यापकलाई केन्द्राध्यक्ष बनाउने नीति अवलम्बन गर्दै भानु मावि तालका प्रधानाध्यापक श्यामकृष्ण पन्तलाई केन्द्राध्यक्ष तोकिँदै छ । उहाँले सबै परीक्षार्थी परीक्षा केन्द्रमा पुगेको जानकारी दिनुभयो ।

# स्थानीयको माग पूरा गर्न पाँच जलविद्युत् आयोजना सहमत

**पोखरापत्र संवाददाता**
म्याग्दी, ४ चैत

रघुगङ्गा गाउँपालिकामा निर्माणाधीन पाँचवटा जलविद्युत् आयोजनाले सामाजिक उत्तरदायित्वअन्तर्गतका काम पूरा गर्ने सहमति जनाएका छन् ।

स्थानीयवासीका चर्को दबाबपछि रघुगङ्गामा निर्माणाधीन पाँच जलविद्युत् आयोजनाले विभिन्न मागमा लिखित सहमति जनाएका हुन् । विगत लामो समयदेखि समुदायका मागलाई बेवास्ता गर्दै आएका जलविद्युत् आयोजनालाई राजनीतिक दल, जनप्रतिनिधि र स्थानीयवासीसँगको विभिन्न समयमा भएको छलफलपछि गाउँपालिकाको केन्द्र मौवाफाँटमा आयोजित जनप्रतिनिधि, सरोकारवाला र जलविद्युत् आयोजनाका प्रमुखहरूको छलफलमा जीर्ण सडकको स्तरोन्नतिसहित मुख्य मागमा लिखित सहमति जनाएका हुन् । आयोजनाहरूले प्रभावित क्षेत्रको सडकलाई स्तरोन्नतिका लागि विगतका सहमति पालनामा अटेरी गरेको भन्दै चरणबद्ध आन्दोलनमा उत्रिएपछि ४० मेगावाट क्षमताको राहुघाट, २२ दशमलव पाँच मेगावाटको ठूलोखोला 'ए', ३५ दशमलव पाँच मेगावाट क्षमताको राहुघाट मङ्गले, २१ दशमलव तीन मेगावाट क्षमताको ठूलोखोला र ४८ दशमलव पाँच मेगावाट क्षमताको अपर राहुघाट जलविद्युत् आयोजनाले ३३ बुँदे लिखित माग पालना गर्ने बताएका थिए । गत फागुन १५ र २५ गते भएको सरोकारवालाको भेलाले गाउँपालिकामा निर्माणाधीन अवस्थामा रहेका पाँच जलविद्युत् आयोजनालाई उक्त माग प्रस्तुत गरेकामा तत्काल र दीर्घकालीन रूपमा आयोजनाले गर्नुपर्ने उत्तरदायित्वका सम्बन्धमा लिखित प्रतिबद्धता गराइएको गाउँपालिका अध्यक्ष भवबहादुर भण्डारीले बताउनुभयो। जलविद्युत् आयोजनाले गर्नुपर्ने न्यूनतम दायित्व पूरा नगरेपछि गाउँपालिकाको सामूहिक मागका रूपमा पेस भएका बुँदामा बृहत् छलफल गरी सहमति भएको अध्यक्ष भण्डारीको भनाइ छ । रघुगङ्गाका सबै वडावासीलाई प्रभावित क्षेत्रमा राखेर १० प्रतिशत सेयर वितरणका लागि पनि जलविद्युत् आयोजना सहमत भएका छन् । आयोजनाले यसअगाडि प्रभावित क्षेत्रका बासिन्दालाई मात्रै सेयर प्रक्रियामा सहभागी गराउने गरेका थिए । सहमतिपत्रमा बेनी-जोमसोम सडकखण्डको घुमाउने तालबाट मौवाफाँट हुँदै बाँध रहने बुक्लसम्मको सडकलाई तत्काल ग्राभेलसहित स्तरोन्नति गर्न रघुगङ्गा हाइड्रोपावरले लिखित प्रतिबद्धता गरेको छ । हाल राहुघाट जलविद्युत् आयोजनाको आयोजना प्रतिवेदनमा सो सडकलाई ठेकेदार कम्पनीले आयोजना हस्तान्तरणका क्रममा ग्राभेलसहित स्तरोन्नति गर्ने उल्लेख भए पनि सरोकारवालाको मागबमोजिम घुमाउनेतालबाट मौवाफाँटसम्मको सडकलाई आयोजनाले कालोपत्र गरिनेछ ।

राहुघाटको ठेकेदार कम्पनी जयप्रकाश एसोसिएट्सले आयोजनालाई सडक हस्तान्तरण गरेपछि डिबिएसटी प्रविधिको कालोपत्र गर्न रघुगङ्गा हाइड्रोपावरले ८० प्रतिशत र यस गाउँपालिकामा निर्माणाधीन अन्य आयोजनाले उत्पादन क्षमताका आधारमा बाँकी २० प्रतिशत लागत व्यहोर्ने छन्। त्यसैगरी मौवाफाँटबाट दग्नाम, चिमखोला हुँदै पात्लेखर्कसम्मको मोटरबाटोलाई स्तरोन्नति गर्न तुँदी पावर, संयुक्त ऊर्जा र ठूलोखोला हाइड्रोपावरले चालु आर्थिक वर्षमा थप रु एक करोड ५० लाख बराबरको काम गर्ने र दीर्घकालीन रूपमा सडकलाई स्तरीय बनाउन गाउँपालिकासँगै प्रदेश र सङ्घीय सरकारसँगै हाल निर्माणाधीन जलविद्युत् आयोजनाले सहकार्य गर्ने सहमति भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चेतनारायण भण्डारीले बताउनुभयो ।

यस्तै, आयोजना प्रभावित भिँ र पाखापानीमा पनि आयोजनाहरूले चालु आवमा सडक स्तरोन्नतिमा रु २५-२५ लाख उपलब्ध गराउने सहमति भएको छ। आयोजनाले सामाजिक उत्तरदायित्वको रकमलाई पारदर्शी बनाउन वडा र पालिकाको संयुक्त सिफारिसमा मात्र बजेट खर्च गर्ने सहमति गरेका छन्भने खानेपानी योजना, सिँचाइ योजना निर्माणमा सघाउने र प्रभावित क्षेत्रका विद्यालयमा उपलब्ध गराउँदै आएको शिक्षक सहयोगलाई निरन्तरता गर्ने प्रतिबद्धता जनाएका छन् । आयोजनाहरूले गर्नुपर्ने प्रतिबद्धतामा रघुगङ्गा हाइड्रोपावरका प्रबन्ध सञ्चालक गणेश केसी, तुँदी पावरका महाप्रबन्धक इन्द्रप्रसाद ढकाल, ठूलोखोला हाइड्रोपावरका बित्त प्रमुख प्रदीप खतिवडा र संयुक्त ऊर्जा लिमिटेडका प्रबन्ध सञ्चालक गोपालप्रसाद निउरले हस्ताक्षर गर्नुभएको छ । कार्यक्रममा प्रतिनिधिसभा सदस्य खमबहादुर गर्बुजा र प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीले सहमतिको पालना नभए जलविद्युत् आयोजनाले चर्को मूल्य चुकाउनुपर्ने चेतावनी दिनुभएको थियो ।

# प्रधानमन्त्री कप क्रिकेट : त्रिभुवन आर्मी क्लब तीन विकेटले विजयी

**रासस**
काठमाडौं, ४ चैत

प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगितामा त्रिभुवन आर्मी क्लब तीन विकेटले विजयी भएको छ । योसँगै प्रतियोगितामा अविजित रहदै आर्मीले पाँच वटै खेल जितेको हो ।

शसस्त्र प्रहरी क्लबले दिएको १४२ रन पछ्याएको आर्मीले ४२ दशमलव पाँच ओभरमा सात विकेट गुमाउँदै उक्त लक्ष्य प्राप्त गरेको थियो । आर्मीका लागि कुशल मल्ल र सोमपाल कामी क्रिजमा टिकेर खेलेपछि उसको जीत सुनिश्चित भएको हो। आक्रमक मानिने कुशलले आज निकै सम्हालिएर खेलेका थिए। उनले ५९ बलको सामना गर्दै चार चौका र एक छक्काको सहयोगमा अविजित ३१ रन बनाए। सोमपालले पनि ५१ बलको सामना गर्दै १ चौकाको सहयोगमा अविजित २२ रन बनाए। यसअघि ब्याटिङ्ग गर्दै विवेक यादवले २६, वसिर अहमदले १३ र ईमरान शेषले ११ रन बनाए।

बलिङ्गमा शसस्त्र प्रहरीका कमल ऐरी, अमर रौटेला र रोहित पौडेलले समान दुई/दुई विकेट लिए। यसअघि रूपन्देहीको एक्स्ट्राटेक ओभल क्रिकेट रङ्गशालामा टस हारेर ब्याटिङको निम्तो पाएको शसस्त्रले ४२ दशमलव तीन ओभरमा सबै विकेट गुमाएर १४१ रन बनाएको थियो। शसस्त्रका लागि सन्दिप जोराले अर्धशतक बनाए पनि अन्य ब्याट्सम्यानले खासै राम्रो प्रदर्शन गर्न सकेनन्। सन्दिपले ९१ बलमा नौ चौका प्रहार गर्दै ६५ रन बनाए। यस्तै, अमर रौटेला, भुवन कार्की र किशोर महतोले समान ११/११ रन बनाउँदा अन्य ब्याट्सम्यानहरूले दोहोरो अङ्कसमेत जोड्न सकेनन् । बलिङमा त्रिभुवन आर्मी क्लबका आकाश चन्दले १० ओभरमा ३५ रन मात्र खर्च गरी चार विकेट र सोमपालले १० ओभरमा ३४ रन दिँदै तीन विकेट लिए । यसैगरी साहब आलमले दुई विकेट र बसीर अहमदले एक विकेट लिए । प्रतियोगितामा पाँच खेल खेलेको शसस्त्रले तीन जित र दुई हार बेहोरेको छ भने पाँच खेल खेलेको आर्मी पाँच वटै खेलमा जितका साथ १० अङ्कसहित अङ्क तालिकामा दोश्रो स्थानमा रहेको छ।


HIMALAYAN LIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७, पो.ब.नं २५९७९

**हकदावी सम्बन्धि सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दती गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

| क्र.सं. | बीमालेख | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | ULI4040000155 | कलाधर कडेंल | वालिङ–८, स्याङ्जा |
| २ | HLI40230000209 | मुना पाण्डे | कालीगण्डकी-१, स्याङ्जा |

**श्री सैनिक आवासीय महाविद्यालय पोखरा**

**विधुतीय सिलबन्दी दरभाउपत्र (e–GP) आव्हानको सूचना (संशोधित)**

**सूचना नं.** NAWF/SAMV/NC/PKR/2081/82/52
(प्रथम पटक प्रकाशित मिति २०८१/११/१३ गते)
(दोस्रो पटक प्रकाशित मिति २०८१/१२/०४ गते)

१. चालु आ.व. २०८१/०८२ मा यस सैनिक आवासीय महाविद्यालयमा विभिन्न भवनहरु मरामत, कार्पेन्टरी कार्य र प्लम्बिङ्ग तथा ईलेक्ट्रिक सामानहरु खरिद गर्नको लागि मिति २०८१।१२।०४ गते प्रकाशित विद्युतिय सिलबन्दि दरभाउपत्र (e–GP System) आव्हान गरिएको सूचनामा दरभाउपत्र खोल्ने मिति अन्यथा भएको हुँदा खोलुवा मिति २०८१।१२।१९ कायम गरि संशोधन गरिएको ।

